**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**<u>मुख्य समाचार</u>**

- प्रधान मन्त्री नरेन्द्र मोदी र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आज नयाँ दिल्लीमा द्विपक्षीय वार्ता हुनेछ। राष्ट्रपति द्रौपदी मुर्मुले आज साँझ श्री पुटिनको सम्मानमा भोजको आयोजना गर्नु हुनेछ।

- जीटीए प्रमुख कार्यपाल अनित थापाले हिजो नाम्सु चालिसे पैह्रो प्रभावित ठाँउहरूको स्थलगत भ्रमण गर्दै पीडितहरूको पुनर्वासको लागि राज्य सरकारले क्षतिपूर्ति स्वरूप रूपियाँ प्रदान गरिदिएको बताउनु भयो।

- सैन्य अभ्यासको क्रममा निधन भएका कालेबुङ निवासी सैनिक जवान शहीद दिपक पोख्रेलको पार्थिव शरीर ल्याइपुऱ्यायो कालेबुङ, सोसियल मिडिया पोस्ट मार्फत सांसद राजु विष्टले गरे श्रद्धाञ्जली अर्पण

- पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (एस.आई.आर.) सम्बन्धमा विशेष मतदाता नामावली पर्यवेक्षक सुब्रत गुप्ता र अन्य अधिकारीहरूले जिल्ला निर्वाचन अधिकारीहरूसँग भेटघाट गरिरहेका छन्।

- कोलकातामा राज्य निर्वाचन अधिकारी (सीईओ) कार्यालय अगाडिको वातावरण हिजो फेरि तनावपूर्ण बन्यो।

**<u>रूस-राष्ट्रपति यात्रा</u>**

प्रधान मन्त्री नरेन्द्र मोदी र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आज नयाँ दिल्लीमा द्विपक्षीय वार्ता हुनेछ।भ्रमणका क्रममा दुवै देशका प्रधानमन्त्रीले द्विपक्षीय सम्बन्धमा भएका प्रगतिको पुनरावलोकन गर्नुका साथै आपसी हितका क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा विचार आदानप्रदान गर्नुहुनेछ । वार्ताका क्रममा व्यापार, अर्थतन्त्र, स्वास्थ्य सेवा, शिक्षा, संस्कृति र सञ्चार माध्यमसँग सम्बन्धित विभिन्न सम्झौताहरूमा हस्ताक्षर हुने सम्भावना छ। राष्ट्रपति पुटिन २३औँ भारत-रुस वार्षिक शिखर सम्मेलनमा भाग लिन भारतको औपचारिक भ्रमणका लागि हिजो साँझ नयाँ दिल्ली आइपुग्नुभएको छ। उनलाई विमानस्थलमा भारतीय प्रधानमन्त्री मोदीले न्यानो स्वागत गर्नु भएको थियो । श्री पुटिनलाई आज बिहान राष्ट्रपति भवनमा औपचारिक स्वागत गरिनेछ। उहाँले राजघाटस्थित महात्मा गान्धीको समाधिमा पुष्पांजलि अर्पण गर्नुहुनेछ । राष्ट्रपति द्रौपदी मुर्मुले आज साँझ श्री पुटिनको सम्मानमा भोजको आयोजना गर्नु हुनेछ। हाम्रा संवाददाताहरूले बताए अनुसार भारत र रूसले आफ्नो सामरिक साझेदारीको घोषणाको २५ औँ वार्षिकोत्सव मनाइरहेको छ।

**<u>जीटीए प्रमुख अनित थापा</u>**

नाम्सु चालिसे पैह्रो प्रभावित ठाँउहरूको जीटीए प्रमुख कार्यपाल अनित थापाले हिजो स्थलगत भ्रमण गर्नुभएको छ। भ्रमणको क्रममा उहाँले स्थानीय मानिसहरूको अभाव र समस्या बुझ्नका निम्ति पीडितहरू सँग कुराकानी गर्नुभयो। यस अवसरमा बोल्दै जीटीए प्रमुख अनित थापाले गत अक्टोबर महिनाको प्राकृतिक आपदाले नाम्सु, चालिसे क्षेत्र धेरै प्रभावित बनेको अनि यहाँको खोलालाई फर्काउन अति आवश्यक रहेको कारणले यस विषयमा बर्खा अघि नै काम गरिनेछ। उहाँले पैह्रो पिडितहरूको पुनर्वासको लागि राज्य सरकारले क्षतिपूर्ति स्वरूप रूपियाँ प्रदान गरिदिएको छ। यस विषयमा चाँडै रिभ्युउ सभा पनि गरिनेछ भन्दै प्राकृतिक आपदाको समय ग्राम पन्चायत प्रधान अनि सदस्यहरूले सक्रिय कार्य गरेर पिडितहरूको सूची तयार पारेको बताउनु भयो।

**<u>शहीद दीपक पोख्रेलको शव</u>**

भारतीय सेनामा सेवारत गोर्खा वीर जवान दिपक पोख्रेलको दुःखद निधन भएको छ। मुन्दुम खोलाटार बस्ती, कालेबुङ निवासी सैनिक जवान दिपक पोख्रेलको सैन्य अभ्यासको क्रममा निधन भएको बताइएको छ। शहीद पोख्रेलले आफूपछि पिता मदन

कुमार पोख्रेल, माता मनकुमारी पोख्रेल, धर्मपत्नी आरती खनाल (पोख्रेल), छोरो दिव्यांश पोख्रेल, दिदी शिला पोख्रेल, भाई पुरण पोख्रेल आदिलाई छोडेर गएका छन्।तिनको आकस्मिक निधनले पुरा क्षेत्रमा नै शोकको लहर छाएको छ।

**पश्चिम बङ्गाल-SIR**

पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (एस.आई.आर.) भइरहेको छ। यस सम्बन्धमा विशेष मतदाता नामावली पर्यवेक्षक सुब्रत गुप्ता र अन्य अधिकारीहरूले राजनीतिक दलका प्रतिनिधिहरू बाहेक जिल्ला निर्वाचन अधिकारी र अन्य अधिकारीहरूसँग भेटघाट गरिरहेका छन्।

**सहिद सुरेश छेत्री**

कारगिल विजयी वीर सहिद सुरेश छेत्री परिवारले शहीदको ५२औं जन्मजयन्ती भव्यताका साथ पालन गरेको छ।शहीद सुरेश छेत्री २ नागा रेजिमेन्टमा रहेर देशको सेवा गरिरहेका समय ७ जुलाई १९९९ मा कारगिलको युद्धमा शहीद बनेका थिए। हिजो उनको ५२औं जन्मदिनको अवसरमा नक्सलबारी सद्धैया मोड स्थित शहीद स्मारक अघि बेङडुबीका ६/५जिआरकाजवानहरूद्वारा उनलाई सलामी दिँदै श्रद्धाञ्जली अर्पण गरियो। यस अवसरमा शहीदको परिवार पक्ष, आफन्त गण अनि इष्टमित्रहरूको उपस्थिति रहेको थियो। यसका साथै परिवार पक्षले आवश्यक परिवारहरूलाई ब्ल्याङ्केटहरू पनि वितरण गरे। हालमा शहीद परिवार द्वारा तिनको निवासमा सात दिवसीय श्रीब्रम्हाण्ड महापुराण एवं ज्ञान महायज्ञको पनि आयोजना भइरहेको छ।

**खरसाङ शेर्पा गुम्बामा कार्यक्रम शुरु**

भूटानबाट खेन्पो छोगेल ग्याल्जेन दुई हप्ता लामो ठ्रोमा वाण्डु आध्यात्मिक कार्यक्रम सञ्चालन गर्नका लागि हिजो खरसाङस्थित शेर्पा गुम्बा आइपुग्नु भएको छ। उहाँको आगमनसँगै गुम्बा प्राङ्गणमा समाजका सदस्य, गुम्बा कमिटी, वेलफेयरका प्रतिनिधि तथा स्थानीय श्रद्धालुहरूको उपस्थितिमा भव्य स्वागत समारोह सम्पन्न गरियो। गुम्बा परिसरमा बिहानैदेखि श्रद्धालुहरूको भीड लागेको थियो। स्वागत कार्यक्रमपछि खेन्पो छोगेल ग्याल्जेनले आगामी 14 दिनसम्म सञ्चालन हुने ठ्रोमा वाण्डु उपदेश, ध्यान, धार्मिक कक्षा तथा पूजापाठका कार्यहरूबारे प्रारम्भिक निर्देशन दिनुभयो। उहाँले यो कार्यक्रम समुदायमा आध्यात्मिक चेतना, करुणा र सामूहिक सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको बताउनु भयो।शेर्पा समाज, गुम्बा कमिटी तथा वेलफेयरकाअनुसार, कार्यक्रमको तयारी पूरा गरिएको छ र सहभागीहरूको सुविधालाई ध्यानमा राख्दै दैनिक सत्रहरूको समय तालिका छिट्टै सार्वजनिक गरिने छ। स्थानीय समुदायले खेन्पोको आगमनलाई आध्यात्मिक सौभाग्यका रूपमा लिएको छ भने आगामी सत्रहरूमा ठूलो संख्यामा श्रद्धालु सहभागी हुने अपेक्षा गरिएको पी लक्की शेर्पाले जानकारी दिनुभएको छ।

**सीईओको कार्यालय बाहिर तनाव**

कोलकातामा राज्य निर्वाचन अधिकारी (सीईओ) कार्यालय अगाडिको वातावरण हिजो फेरि तनावपूर्ण बन्यो। बीएलओ अधिकार रक्षा समितिका सदस्यहरू बिहानदेखि नै त्यहाँ बसिरहेका थिए र नाराबाजी गरिरहेका थिए। यसैबीच, केही प्रदर्शनकारीहरूले ब्यारिकेड पार गर्ने प्रयास गरे तर पुलिसले उनीहरूलाई रोके। दुई पक्षबीच सामान्य झडप पनि भयो।तृणमूल समर्थक मानिने यस समितिले विगत धेरै दिनदेखि सीईओको कार्यालय बाहिर धर्ना प्रदर्शन गरिरहेको छ। सोमबारको घटनापछि, हिजो फेरि स्थिति तनावपूर्ण बन्यो। प्रदर्शनकारीहरूले बीएलओहरूलाई थप डाटा एन्ट्रीको अतिरिक्त कार्य गर्न बाध्य पारिएको भन्दै प्लेकार्ड बोकेका थिए।एसआईआर प्रक्रियाको क्रममा राज्यमा धेरै बीएलओहरूको मृत्युको रिपोर्ट बाहिर आएको छ। परिवारहरूले अत्यधिक कामको बोझका कारण मृत्यु भएको आरोप लगाएका छन्। यी मागहरू लिएर समितिका सदस्यहरू मृतक बीएलओहरूको परिवारलाई आर्थिक सहयोग र परिवारका एक सदस्यलाई जागिरको माग गर्दै सीईओको कार्यालय बाहिर बसिरहेका छन्।सोमबार पनि विपक्षी नेता शुभेन्दु अधिकारी पूर्वनिर्धारित कार्यक्रम अनुसार सीईओलाई भेट्न पुग्दा यस्तै अवस्था सिर्जना भएको थियो।

**गोर्खा जनमुक्ति मोर्चाको जनसम्पर्क**

गोर्खा जनमुक्ति मोर्चा कालेबुङ जिल्ला समितिद्वारा आयोजित जनसम्पर्क अभियान तेस्रो दिन हिजो ४४ नम्बर समष्टि अन्तर्गत सामसिङ सुन्दर बस्ति, कम्पाउन्ड, सामसिङ फारी भएर रक्की आइल्याण्ड हुँदै कुमाई पुगेको छ।हिजोको जनसम्पर्क

अभियानमा गोजमुमो अध्यक्ष विमल गुरुङ, कालेबुङ जिल्ला अध्यक्ष सोनाम याख्खा, केन्द्रिय समिति सहसचिव दीपेन्द्र भूजेल, कालेबुङ हाईवे संयोजक अर्जुन (अशोक) खड्का आदिको विशेष उपस्थिति रहेको थियो भने ४४ नम्बर समष्टिका गोजमुमो समर्थकहरूको सहभागिता रहेको थियो। रात्रीको समयमा कुमाई पुगेका गोजमुमो अध्यक्ष विमल गुरुङलाई समर्थकहरूले भव्य स्वागत जनाए।

**<u>जुद्धवीर गुरुङको 97 औँ पूण्यतिथि....</u>**

कालेबुङ जिल्ला अन्तर्गत गोरुबथानमा स्व. जुद्धवीर गुरुङको 97 औँ पूण्यतिथिको अवसरमा हिजो साँझ घर्मशालामा स्थापित तिनको सालिकमा माल्यार्पण अनि धुपदीप प्रज्वलन गरी श्रद्धाञ्जली अर्पण गरियो। जुद्धवीर गुरुङका गोरुबथानमा रहेका वंशजद्वारा गरिएको यस श्रद्धाञ्जली कार्यक्रममा उपस्थित सबैले दियो, मैनबत्ती बालेर स्व गुरुङलाई श्रद्धाञ्जली अर्पण गरे। स्व. जुद्धवीर गुरुङकै स्मृतिमा उनका छोरो तथा भारतीय गोर्खा नेपाली जातिमा राजनैतिक सचेतना ल्याउने व्यक्तित्व स्व. डम्बरसिंह गुरुङले 1929/30 तिर गोरुबथानमा जुद्धवीर मेमोरियल स्कुल स्थापित गरेका थिए। जुन अहिले जुद्धवीर जुनियर बेसिक स्कुल अनि जुद्धवीर उच्चतर माध्यमिक विद्यालयको रुपमा रहेर गोरुबथानमा शैक्षिक धरातल निर्माण गर्ने प्रमुख संस्थान बनेको छ।

**<u>टिस्टा मेचीको सङ्गम' लोकार्पण</u>**

सम्मान परिवारको आयोजनामा सिलगढीको देवीडाङ्गा अन्तर्गत बाबुबासास्थित हिमाली सालोम चर्चमा सम्पन्न कार्यक्रममा टिस्टा र मेचीको सङ्गम' रेभ पीडी भोंग्मू र प्रेरित एनडी थुलुङ अभिनन्दन ग्रन्थको लोकार्पण गरियो।

****** ० ******